- राजश्व बाडँफाडबाट रु.६ करोड ४८ लाख ५४ हजार २६३प्राप्त भएकोछ।
- आन्तरिक आम्दानी रु.१९ लाख १० हजार ८२९ मात्र संकलन भएको छ।
- गत वर्षको मौज्दात समेतरु.५ करोड ४४ लाख ८६ हजार ३६ रहेको छ।
- यसरी जम्मा रु.२१ करोड ३७ लाख १ हजार १३९ प्राप्त भएको छ।
- त्यसै गरी,चालु आ.व. २०७६/०७७ मा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ रु.२६ करोड ६६ लाख २१ हजार ६६६ प्राप्त भएको छ।जसमध्ये हालसम्म चालु तर्फ ररु.१७ करोड १२ लाख ८ हजार ४ सय ५३ प्राप्त भएकोमा ६४.२२ प्रतिशत खर्च भएको छ र पूँजीगततर्फ रु.४ करोड ३२ लाख ५ हजार प्राप्त भएकोमध्ये ५.६ प्रतिशत मात्र खर्च भएको छ।
- साथै, वित्तीय समानीकरण, राजश्व बाँडफाँड, गत आ.व. को नगद मौज्दात र आन्तरिक आम्दानी तर्फ रु.२१ करोड ३७ लाख १ हजार १ सय ३९ प्राप्त भएकोमा चालुतर्फ रु.८ करोड ५९ लाख ७६ हजार ९ सय ६८ रपूँजीगततर्फ रु.८७ लाख २० हजार ९ सय ५२ गरी जम्मा रु.९ करोड ४६ लाख ९७ हजार ९ सय २०खर्च (वित्तीय प्रगति) भएको छ ।

**सभाध्यक्ष महोदय**,

अब म चालु आ.व.०७६/०७७ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्थाबारे सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

१. **पूर्वाधार विकासतर्फः** रु.८ करोड ७९ लाख ७६ हजार १ सय २२विनियोजन भएकोमा हालसम्मरु.९० लाख ६ हजार ८ सय ६२ खर्च भएको छ।
२. **वातावरण तथा विपद् व्यवस्थापनतर्फः**रु.२० लाख विनियोजन भएकोमा रु.१७ लाखखर्च भएको छ।
३. **सामाजिक विकासतर्फः**रु.१६ करोड ९० लाख ७५ हजार १ सय ५५ विनियोजन भएकोमा रु.६ करोड ६४ लाख ४० हजार ४ सय ९१खर्च भएको छ।

तपसिल

| वडा नं. | विनियोजित बजेट अंकमा रु. | अक्षरमा | कैफियत |
|---|---|---|---|
| १ | १७,७२,१५५।५३ | सत्र लाख बहत्तर हजार एक सय पच्पन्न रुपैयाँ | |
| २ | १६,२४,७५६।९९ | स्रोह्र लाख चौबीस हजार सत सय छपन्न रुपैयाँ | |
| ३ | १८,२६,७६५।९८ | अठार लाख छब्बीस हजार सात सय पैसठ्ठी रुपैयाँ | |
| ४ | १२,२०,९०६।५६ | बाह्र लाख बीस हजार नौ सय छ रुपैयाँ | |
| ५ | १३,७४,४४०।९२ | तेह्र लाख चौहत्तर चार सय चालिस रुपैयाँ | |
| ६ | १५,८५,१५७।१२ | पन्ध्र लाख पचासी हजार एक सय सन्ताउन्न रुपैयाँ | |
| ७ | ९,३९,१३२।८७ | नौ लाख उनन्चालिस हजार एक सय बत्तीस रुपैयाँ | |
| ८ | १६,२५,७१४।२२ | सोह्र लाख पच्चीस हजार सात सय चौध रुपैयाँ | |
| ९ | १३,०५,९५५।०४ | तेह्र लाख पाँच हजार नौसय पच्पन्न रुपैयाँ | |
| १० | १९,६३,५०६।१३ | उन्नाइस लाख त्रिसठ्ठी हजार पाँच सय छ रुपैयाँ | |
| ११ | १५,०६,७६४।३४ | पन्ध्र लाख छ हजार सात सय चौसठ्ठी रुपैयाँ | |
| १२ | १७,३६,१०९।४८ | सत्र लाख छत्तीस हजार एक सय नौ रुपैयाँ | |
| १३ | १५,१८,६३४।८१ | पन्ध्र लाख अठार हजार छ सय चौंतीस रुपैयाँ | |
| जम्मा | २००००००।- | दुई करोड | |

**सभाध्यक्ष महोदय**,

वित्तीय समानिकरण, राजश्वबाडफाँड, विशेष अनुदान, समपुरक अनुदान र आन्तरिक श्रोतको विनियोजन मध्ये चालु तर्फ रु.१५ करोड ४० लाख १२ हजार रहेक छ भने पुजीगत तर्फ रु.१३ करोड ३६ लाख रहेकोछ। साथै शसर्त अनुदानको खर्च शर्त अनुसार नै हुनेछ।

अब म आ.व. ०७७/०७८ को लागिमाथि प्रस्तावित खर्च व्यहोरीने स्रोतहरु व्यहोरिने प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. वित्तीय समानीकरण अनुदान संघीय सरकार रु.११ करोड ५० लाख

२. संघीय सरकार राजश्व बाँडफाँड रु.१० करोड ६२ लाख

३. वित्तीय समानीकरण अनुदान प्रदेश सरकार रु.१ करोड ५ लाख २३ हजार

४. प्रदेश सरकार राजश्व बाँडफाँड रु.९ लाख १२ हजार

५. सशर्त अनुदान संघीय सरकार रु.३० करोड ५८ लाख

६. सशर्त अनुदान प्रदेश सरकार रु.७० लाख

७. समपूरक प्रदेश सरकार रु.१ करोड ५ लाख

८. विशेष अनुदान प्रदेश सरकार रु.४० लाख

९. विशेष अनुदान संघीय सरकार रु.२ करोड ५० लाख

१०. समपूरक संघीय सरकार रु.४० लाख

११. आन्तरिक स्रोत नगरपालिकाको रु.३५ लाख

१२. चालु आर्थिक वर्षको मौजदात रु.४ करोड ५०

**जम्मा रु.६३ करोड ७४ लाख ३५ हजार रहेकोछ।**

